श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

### केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन २०३५ साल वैशाख १ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. केही नेपाल ऐनहरूमा संशोधन : अनुसूचीमा लेखिएका नेपाल ऐनहरूमा सोही अनुसूचीमा लेखिएबमोजिम संशोधन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची
(दफा २ संग सम्बन्धित)

| क्र.सं. | नेपाल ऐनहरू | संशोधन |
|---|---|---|
| १. | सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ | १. मूल ऐनको दफा ८क. को उप-दफा (४) पछि देहायका उप-दफा (५), (६) र (७) थपिएका छन्:–<br>"(५) यस ऐनबमोजिम पाउने उपचार खर्च प्रधान न्यायाधीश वा न्यायाधीशले पेश्कीको रूपमा लिन चाहे उप-दफा (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम प्रधान न्यायाधीश वा न्यायाधीशको ६ महीनाको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टी गरिने छ। तर त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ।<br>(६) न्यायाधीश वा प्रधान न्यायाधीशको पदमा गरी जम्मा पाँच वर्षको सेवा अवधि पूरा गरिसकेको प्रधान न्यायाधीश वा न्यायाधीशको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भएमा उप-दफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बीलबमोजिम भएको उपचार खर्चको रकम प्रधान न्यायाधीश वा न्यायाधीशले लिन पाउने छ। त्यस्तो उपचार खर्च माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ। तर यस उप-दफा बमोजिम पाउने उपचार खर्च एक पटकमा प्रधान न्यायाधीश वा न्यायाधीशको एक महीनाको पारिश्रमिकभन्दा बढी हुनेछैन।<br>(७) प्रधान न्यायाधीश वा न्यायाधीशले अवकाश प्राप्त गर्दा उप-दफा (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको २/३ (दुई-तिहाई) को हिसाबले हुने एकमुष्ट रकम प्रधान न्यायाधीश वा न्यायाधीशले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ। |

380

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर अघि कुनै सरकारी सेवा गरे बापत उपचार खर्च लिई सकेको रहेछ भने निजले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।"

२. महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३

२. मूल ऐनको दफा ७क. को उप-दफा (४) पछि देहायका उप-दफा (५), (६) र (७) थपिएका छन्:–

"(५) यस ऐनबमोजिम पाउने उपचार खर्च महालेखा परीक्षकले पेश्कीको रूपमा लिन चाहेमा उप-दफा (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिने छ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम निजको ६ महीनाको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टी गरिनेछ । तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै निजको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(६) पाँच वर्षको सेवा अवधि पूरा गरिसकेको महालेखा परीक्षकको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भएमा उप-दफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बीलबमोजिम भएको उपचार खर्चको रकम महालेखा परीक्षकले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ । तर यस उप-दफाबमोजिम पाउने उपचार खर्च एक पटकमा महालेखा परीक्षकको एक महीनाको पारिश्रमिकभन्दा बढी हुनेछैन ।

(७) महालेखा परीक्षकले अवकाश प्राप्त गर्दा उप-दफा (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको २/३ (दुई-तिहाई) को हिसाबले हुने एकमुष्ट रकम महालेखा परीक्षकले अवकाश प्राप्त गरेपछि पाउनेछ ।

तर अघि कुनै सरकारी सेवा गरे बापत उपचार खर्च लिई सकेको रहेछ भने निजले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६

३. मूल ऐनको दफा ७क. को उप-दफा (४) पछि देहायका उप-दफा (५), (६) र (७) थपिएका छन्:–

"(५) यस ऐनबमोजिम पाउने उपचार खर्च अध्यक्ष वा सदस्यले पेश्कीको रूपमा लिन चाहेमा उप-दफा (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिने छ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम अध्यक्ष वा सदस्यको ६ महीनाको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टा गरिने छ। तर त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै अध्यक्ष वा सदस्यको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिह्ला हुनेछ।

(६) सदस्य वा अध्यक्षको पदमा गरी जम्मा पाँच वर्षको सेवा अवधि पुरा गरिसकेको अध्यक्ष वा सदस्यको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भएमा उप-दफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बील-बमोजिम भएको उपचार खर्चको रकम अध्यक्ष वा सदस्यले लिन पाउनेछ। त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ। तर यस उप-दफा बमोजिम पाउने उपचार खर्च एक पटकमा अध्यक्ष वा सदस्यको एक महीनाको पारिश्रमिकभन्दा बढी हुनेछैन।

(७) अध्यक्ष वा सदस्यले अवकाश प्राप्त गर्दा उप-दफा (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको २/३ (दुई-तिहाई) को हिसाबले हुने एकमुष्ट रकम अध्यक्ष वा सदस्यले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ।

तर अघि कुनै सरकारी सेवा गरे बापत उपचार खर्च लिई सकेको रहेछ भने निजले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ।"

३४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. निर्वाचन आयुक्त-हरूको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा सुविधा सम्बन्धी ऐन, २०२६

४. मूल ऐनको दफा ८क. को उप-दफा (४) पछि देहायका उप-दफा (५), (६) र (७) थपिएका छन्:–

"(५) यस ऐनबमोजिम पाउने उपचार खर्च निर्वाचन आयुक्तले पेश्कीको रूपमा लिन चाहेमा उप-दफा (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिने छ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम निर्वाचन आयुक्तको ६ महीनाको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टी गरिने छ। तर त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै निर्वाचन आयुक्तको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिह्ना हुनेछ।

(६) निर्वाचन आयुक्त वा प्रमुख निर्वाचन आयुक्तको पदमा गरी जम्मा पाँच वर्षको सेवा अवधि पूरा गरिसकेको निर्वाचन आयुक्तको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भएमा उप-दफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बीलबमोजिम भएको उपचार खर्चको रकम निर्वाचन आयुक्तले लिन पाउनेछ। त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ। तर यस उप-दफा बमोजिम पाउने उपचार खर्च एक पटकमा निर्वाचन आयुक्तको एक महीनाको पारिश्रमिकभन्दा बढी हुने छैन।

(७) निर्वाचन आयुक्तले अवकाश प्राप्त गर्दा उप-दफा (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेका भए त्यस्तो बाँकी भएजति रकमको २/३ (दुई-तिहाई) को हिसाबले हुने एकमुष्ट रकम निर्वाचन आयुक्तले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ।

तर अघि कुनै सरकारी सेवा गरे बापत उपचार खर्च लिइसकेको रहेछ भने निजले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउने छ।"

लालमोहर सदर मितिः– २०३६।६।११।५

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं ४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

न्याय प्रशासन सुधार ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: न्याय प्रशासन सुधार ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "न्याय प्रशासन सुधार (तेस्रो संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा ७ मा संशोधन: न्याय प्रशासन सुधार ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग) कुनै क्षेत्रीय न्यायाधीश वा अञ्चल न्यायाधीशले आफ्नो मातहतको अदालत निरीक्षण गर्न गएको अवस्थामा दौडाहा ईजलास कायम गरी आ-आफ्नो अदालतको अधिकार प्रयोग गर्न पाउनेछ

तर क्षेत्रीय न्यायाधीशले भए दफा ५ को उप-दफा (२) को अधीनमा रही मात्र सो अधिकार प्रयोग गर्न पाउनेछ।"

३. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को उप-दफा (१) को खण्ड (क) मा रहेको "पन्ध्रहजार" र "तीन वर्षसम्म कैद वा तीन हजार" भन्ने शब्दहरूको सट्टा क्रमशः "पचास हजार" र "पाँच वर्षसम्म कैद वा पाँच हजार" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

"(२) देहायको योग्यता भएको नेपाली नागरिक मात्र क्षेत्रीय न्यायाधीश नियुक्ति हुन योग्य हुनेछः–

(क) कानूनमा स्नातकको उपाधि प्राप्त गरी कानूनी क्षेत्रमा कम्तीमा ५ वर्ष अनुभव प्राप्त गरेका वा नेपाल न्याय सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सोमाथिको पदमा काम गरेको, वा

(ख) श्री ५ को विचारमा कानूनवेत्ता भएको।"

५. मुद्दा नसर्नेः यो ऐन प्रारम्भ हुँदा क्षेत्रीय अदालतमा दायर भई छिन्न बाँकी रहेका पचासहजार रूपैयाँसम्मको मोल बिगो भएको वा पाँच वर्षसम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरीवाना हुने मुद्दाको पुनरावेदन सम्बन्धित क्षेत्रीय अदालतबाटै कारवाई र किनारा हुनेछ।

लालमोहर सदर मितिः– २०३६।६।११।५

आज्ञाले–

ध्रुववरसिंह थापा

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३६ सालको ऐन नं. ५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आर्थिक वर्ष २०३६।३७ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिने र विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आर्थिक वर्ष २०३६।३७ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम: यस ऐनको नाम "विनियोजन ऐन, २०३६" रहेको छ।

२. आर्थिक वर्ष २०३६।३७ को निमित्त सञ्चित कोषबाट रूपैयाँ खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०३६।३७ को निमित्त अनुसूची १ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूको निमित्त अनुसूची २ को कालम ४ मा र अनुसूची ३ को कालम ४ मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्दिष्ट गरिए बमोजिम जम्मा रूपैयाँ ३,९३,८४,२७,०००।– (तीन अरब त्रियानब्बे करोड चौरासी लाख सत्ताईस हजार, पेश्की खर्च ऐन, २०३६ अनुसार हुने भएको रकमसमेत) मा नबढाई त्यतिसम्म रकम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. विनियोजनः यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०३६।३७ को निमित्त अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूको निमित्त विनियोजन गरिने छ।

तर, उक्त सेवा र कार्यहरूका निमित्त विनियोजन गरिएको रकम कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आयो भने श्री ५ को सरकारले एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० (दश) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न सक्नेछ।

मुद्रण विभाग, सिंहदरबार

386

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

नेपालको संविधान अनुसार सञ्चित कोषमाथि व्ययभार हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रमसंख्या | अनुदान संख्या | सेवा र कार्य | सञ्चित कोषमाथि व्ययभार हुने रकम रू. हजारमा |
| १ | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६८,७७ |
| २ | १–२ | राजसभा | ५,६० |
| ३ | १–४ | महालेखा परीक्षकको विभाग | २६,५१ |
| ४ | १–५ | सर्वोच्च अदालत | १२,७६ |
| ५ | १–६ | लोक सेवा आयोग | ३३,८१ |
| ६ | १–७ | निर्वाचन आयोग | ३०,४० |
| ७ | १–८ | गाउँफर्क राष्ट्रिय अभियान | ५,०० |
| ८ | १–९ | अख्तियार दुरुपयोग निवारण आयोग | ७,७५ |
| ९ | ११–१ | साँवा भुक्तानी | ९,५७,४७ |
| १० | ११–२ | ब्याज भुक्तानी | १२,६६,१४ |
| ११ | १२–६ | अन्य | ४,०० |
| | | | २४,५४,५८ |

३४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मदन पुरस्कार पुस्तकालय

## अनुसूची–२

### दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रु. हजारमा |
| १ | १–३ | राष्ट्रिय पञ्चायत | ४६,३९ |
| २ | २–१ | मन्त्रिपरिषद् | २६,२१ |
| ३ | २–२ | श्री ५ को सरकारको सचिवालय | २,५७,४७ |
| ४ | २–३ | जिल्ला प्रशासन | २,४३,९३ |
| ५ | २–४ | प्रहरी | ११,२३,५१ |
| ६ | २–५ | कारागार | १,१५,४७ |
| ७ | २–६ | विविध | ८३,९० |
| ८ | २–७ | प्रशासन सुधार | ६,०० |
| ९ | २–८ | राष्ट्रिय चुनाव आयोग | २,००,०० |
| १० | ३–१ | मालपोत | १,५६,१६ |
| ११ | ३–२ | भन्सार | ९६,५७ |
| १२ | ३–३ | अन्तःशुल्क | ४९,८३ |
| १३ | ३–४ | कर | ५४,३९ |
| १४ | ३–५ | राजस्व न्यायाधिकरण | १,७३ |
| १५ | ४–१ | योजना | ७,६८ |
| १६ | ४–२ | तथ्याङ्क | ५,५१ |
| १७ | ४–३ | टक्सार | ६८,२२ |
| १८ | ४–४ | महालेखा नियन्त्रक कार्यालय | ४२,९१ |
| १९ | ४–५ | मेट्रिक नाप तौल | ११,२५ |
| २० | ५–१ | अदालत | १,६२,९१ |
| २१ | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ५,६३ |
| २२ | ६–१ | वैदेशिक सेवा | ३,८३,१६ |
| २३ | ६–२ | विविध | ६२,०९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रमसंख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| २४ | ७–१ | रक्षा | १८,८१, |
| २५ | ७–२ | विविध | ३,८२,९१ |
| २६ | ८–१ | शिक्षा | ८,३९,९७ |
| २७ | ८–२ | स्वास्थ्य | ६,०३ ३१ |
| २८ | ८–३ | पिउने पानी | २९,१८ |
| २९ | ८–४ | पञ्चायत | २,२५,८८ |
| ३० | ८–५ | अन्य सामाजिक सेवाहरू | २,०८,१५ |
| ३१ | ९–१ | कृषि | ८१,१२ |
| ३२ | ९–२ | सिंचाइ | ३१,६७ |
| ३३ | ९–३ | भूमिसुधार | १,३६,७१ |
| ३४ | ९–४ | नापी | ३९,०९ |
| ३५ | ९–५ | वन | ४९,०५ |
| ३६ | ९–६ | उद्योग तथा खानी | २९,२४ |
| ३७ | ९–७ | सञ्चार | ३,३७,५९ |
| ३८ | ९–८ | यातायात | ३,६०,५४ |
| ३९ | ९–९ | विद्युत् | ३९,९ |
| ४० | ९–१० | अन्य आर्थिक सेवाहरू | १७,४२ |
| ४१ | १०–१ | ऋण र लगानी | १,४१,९८ |
| ४२ | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ८५,०० |
| ४३ | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | १,७९,०० |
| ४४ | १२–३ | अतिथि सत्कार | ३,०० |
| ४५ | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | १,०० |
| ४६ | १२–५ | मुआब्जा | १०,०० |
| ४७ | १२–६ | अन्य | ५,११,०० |
| ४८ | १२–७ | भैपरिआउने | २,५०,०० |
| | | | ९६,८८,३३ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३

दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रमसंख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रु. हजारमा |
| १ | २–७ | प्रशासन सुधार | ७,५८ |
| २ | ४–१ | योजना | २,२०,१२ |
| ३ | ४–२ | तथ्याङ्क | ८५,६६ |
| ४ | ८–१ | शिक्षा | २६,४७,६२ |
| ५ | ८–२ | स्वास्थ्य | १३,२८,०० |
| ६ | ८–३ | पिउने पानी | ८,२५,८२ |
| ७ | ८–४ | पञ्चायत | ९,३५,१० |
| ८ | ८–५ | अन्य सामाजिक सेवाहरू | ३,४५,१६ |
| ९ | ९–१ | कृषि | २६,२८,६९ |
| १० | ९–२ | सिंचाइ | ३२,६६,१३ |
| ११ | ९–३ | भूमिसुधार | १,३२,१८ |
| १२ | ९–४ | नापी | २,८७,११ |
| १३ | ९–५ | वन | १५,३१,६२ |
| १४ | ९–६ | उद्योग तथा खानी | २१,६४,८९ |
| १५ | ९–७ | सञ्चार | २,२७,४० |
| १६ | ९–८ | यातायात | ७४,४१,४४ |
| १७ | ९–९ | विद्युत् | ४९,०५,९३ |
| १८ | ९–१० | अन्य आर्थिक सेवाहरू | २,०५,४९ |
| १९ | १२–६ | अन्य | ३,१०,०० |
| २० | १२–७ | भैपरिआउने | २,००,०० |
| | | | २,९६,९५,९४ |

लालमोहर सदर मितिः– २०३६।६।११।५

आज्ञाले–

ध्रुववरसिंह थापा

श्री ५ को सरकारको सचिव

३७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
# कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्रऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आर्थिक वर्ष २०३६।३७ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न श्री ५ को सरकारले राष्ट्रऋण उठाउन सक्ने अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "राष्ट्रऋण उठाउने ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । 342

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. राष्ट्रऋण उठाउने अधिकारः (१) आर्थिक वर्ष २०३६।३७ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले अठार करोड त्रिसट्ठी लाख अठचालीस हजार रूपैयाँमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र-ऋण उठाउन सक्नेछ ।

(२) उप-दफा (१) अन्तर्गत उठाइएको राष्ट्रऋणको साँवा र ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्रऋण ऐन, २०१७ बमोजिम हुनेछ।

लालमोहर सदर मितिः– २०३६।६।११।५

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

323

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

328

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।